## मिति २०८२/०१/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. १

आगामी आ.व. २०८२/०८३ मा प्रदेश समपुरक तथा विशेष योजना तर्फ तपसिलका योजना छनौट गरी प्राथमिकता दिइ लुम्बिनी प्रदेश सरकारमा सिफारिस गर्ने निर्णय गरियो ।

**क. लुम्बिनी प्रदेश सरकार विशेष अनुदान तर्फ**

१. सिमलपानी चारमौजा सिंचाई बाँध तथा कुलो निर्माण लागत अनुमान रु ३९,९९,३५२।६४

२. पश्चिम पर्रोहा मा.वि. पूर्वाधार निर्माण सैनामैना ५ लागत अनुमान रु ३९,९०,७७३।१७

**ख. लुम्बिनी प्रदेश सरकार समानीकरण अनुदान तर्फ**

१. २ ३ र ९ नं. वडा कार्यालय भवन जोड्ने सडक कालोपत्रे लागत अनुमान रु ४८५६२२७०।३६

| क्र.सं. | योजनाको नाम र स्थान | नगरपालिका ६० प्रतिशत रु | प्रदेश सरकार ४० प्रतिशत रु | जम्मा रु |
|---|---|---|---|---|
| १ | २ ३ र ९ नं. वडा कार्यालय भवन जोड्ने सडक कालोपत्रे सैनामैना २ ३ र ९ रुपन्देही | २,९१,३७,३६२।२२ | १,९४,२४,९०८।१४ | ४,८५,६२,२७०।३६ |
| | जम्मा रु | २९१३७३६२।२२ | १९४२४९०८।१४ | ४८५६२२७०।३६ |

निर्णय प्रमाणित

जीवन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८२/०१/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. २

राष्ट्रिय समावेशी आयोगको प्राप्त पत्र अनुसार प्राप्त यस नगरपालिका सँग सम्बन्धित सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित बिशेष अनुदान अन्तर्गत सामुदायिक बिद्यालयहरुमा आइ. सि. टि. केन्द्र निर्माणको लागि प्राप्त रु २००००००।-बजेट कार्यान्वयन गर्न सामुदायिक मा.वि. हरुबाट प्रस्ताव माग गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

मालपोत कार्यालय बुटवल रुपन्देहीको च.नं. ९९७५ मिति २०८२/०१/०८ को प्राप्त पत्र अनुसार कार्यालय व्यवस्थापनको लागि रु २०००००। विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

सैनामैना नगरपालिका वडा नं. ४ सिलसिला पथमा लुम्बिनी प्रदेश सरकारबाट सववेश बाहेकको कार्य गर्ने गरी लागत अनुमान तयार भएकोले सोही योजनामा यस नगरपालिकाबाट विनियोजित बजेटबाट प्रदेश योजनाको लागत अनुमानमा दोहोरो नपर्ने गरी उक्त सिलसिला पथमा सववेश सम्मको कार्य गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

यस सैनामैना नगरपालिकाको २०८१ चैत्र मसान्त सम्मको आय-व्यय सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०१/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ७

सैनामैना नगर कार्यपालिकाबाट यस अघिका बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

### निर्णय नं. ८

सैनामैना नगरपालिकाबाट सम्पादित कार्यको सेवा प्रवाह सम्बन्धमा छलफल गरियो र सेवा प्रवाहलाई अझै चुस्त दुरुस्त र प्रभावकारी र पारदर्शी बनाई लैजाने निर्णय गरियो ।

### निर्णय नं. ९

सैनामैना नगरपालिकामा कार्यरत कर्मचारीहरुको लुम्बिनी प्रदेश सरकारबाट जारी गरिएका स्थानीय निजामती सेवा ऐन २०८१ तथा स्थानीय निजामती सेवा नियमावली २०८१ बमोजिम तहमिलान वा तहवृद्धि हुने कर्मचारीहरुको प्रमुख प्रशासकीय अधिकृतबाट गरिएको तहवृद्धि तथा तहमिलानलाई अनुमोदन गर्ने र सोही ऐनको दफा ७ बमोजिम तहवृद्धि तथा तहमिलान हुने कर्मचारीहरुको ऐनको दफा ७ को उपदफा १० बमोजिम तहकायम गर्ने निर्णय गरियो ।

### निर्णय नं. १०

यस सैनामैना नगरपालिकाको लागि आवश्यक जनशक्ति व्यवस्थापनको लागि संगठन तथा व्यवस्थापन सर्भे गरी यसै आ.व. भित्र प्रतिवेदन बुझाउने गरी कार्य अगाडि बढाउने र सोको लागि आवश्यक बजेट सेवा तथा परामर्श शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०१/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ११

संगठन तथा व्यवस्थापन सर्वेक्षण नहुन्जेल सम्म वडा कार्यालयबाट सम्पादन हुने कार्यलाई असर नपारी तत्काल सेवा प्रवाह गर्नु पर्ने भएकोले अधिकृत छैठौं तह सम्मका कर्मचारीलाई वडा सचिवमा खटाउने निर्णय गरियो ।

### निर्णय नं. १२

सैनामैना नगरपालिका तथा वडा कार्यालयबाट सिफारिस भइ आए बमोजिम तपसिलका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजना तथा कार्यक्रमहरुको नाम र स्थान | विनियोजित रु | संशोधित योजना तथा कार्यक्रमहरुको नाम र स्थान | विनियोजित रु |
|---|---|---|---|---|
| १ | सैनामैना चोक देखि उत्तर रानी कुवा हुँदै प्राकृतिक चिकित्सालय सम्म सडक डि.पि.आर. निर्माण सैनामैना १ | ५०००००० | आदर्शपथ परिसढाँडा टोल अन्तर्गत मेमोरियल पथ स्तरउन्नती सैनामैना १ | ५०००००० |
| २ | बयरकट्टी टोल खेलमैदान पथ कालोपत्रे सैनामैना ७ | ८०००००० | क बयरकट्टी टोल खेल मैदान पथ सडक पूर्वाधार निर्माण सैनामैना ७ | ३०००००० |
| | | | एकता टोल उखुबारी जाने बाटोमा भू-क्षय नियन्त्रण सैनामैना ७ | ४०००००० |
| | | | रामनगर टोल ढैगुरिया पुल पूर्व तर्फ अधुरो नाली निर्माण सैनामैना ७ | १०००००० |
| ३ | विपद व्यवस्थापन सामाग्री खरिद सैनामैना ७ | ५००००० | शान्ती टोल सभाहल पश्चिम तर्फ रिटेनिङ्ग वाल सहित माटो फिलिङ्ग सैनामैना ७ | ५००००० |
| ४ | सिद्धार्थ युवा क्लब भइछा | १०००००० | Pasty, Cake,Bakery, Barista | १८०००० |

जीवन अवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०१/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| | फुटबल क्लव र श्री नव जनजागृति युवा क्लवलाई खेलकुद सामाग्री वितरण सैनामैना ८ | | बनाउने सिपमुलक तालिम सैनामैना ८ | |
| ५ | महिलाहरुलाई नेतृत्व विकास तालिम सैनामैना ८ | ८०००० | | |
| ६ | विपद व्यवस्थापनका सामाग्री खरिद सैनामैना ५ | ५०००० | कर्मुहवाबाट पश्चिम पर्रोहा मा.वि. मा आउने बाटोमा माटो फिलिङ्ग सैनामैना ५ | ५०००० |
| ७ | मुहान सामाजिक उद्यमी महिला सहकारी भवन निर्माण सैनामैना १० | २००००० | मुहान सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडको संकलन केन्द्र निर्माण सैनामैना १० | ५००००० |
| ८ | कोसेली घर पूर्वाधार निर्माण सैनामैना १० | ३००००० | | |
| ९ | महिलाहरुको लागि व्यूटीपार्लर तालिम सैनामैना १ | १५०००० | दुर्गाभवानी टोल हरियाली पथ स्तरउन्नती सैनामैना १ | १५०००० |
| १० | जनप्रतिनिधि र टोल विकास संस्थाका पदाधिकारीहरुलाई क्षमता विकास कार्यक्रम सैनामैना १ | १००००० | बुद्धटोल पूर्व मालारानी पथ स्तरउन्नती सैनामैना १ | १००००० |
| ११ | सामाजिक सुरक्षा भत्ता प्राप्त व्यक्तिहरुलाई स्किनिङ्ग स्वास्थ्य शिविर सैनामैना १ | १००००० | बर्माबाबा टोल लथा पथ स्तरउन्नती सैनामैना १ | २००००० |
| १२ | व्यवसायिक कृषि तथा पशुपालक किसानलाई प्रोत्साहन कार्यक्रम सैनामैना १ | १००००० | | |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

**मिति २०८२/०१/१२ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १३**

सैनामैना नगरपालिकामा सहायक कम्प्यूटर अधिकृत छैटौं तहमा कार्यरत अस्मित खड्काले निजी प्रयासमा बैदेशिक अध्ययनको लागि पूर्व सहमति माग गरेकोले निजको बैदेशिक अध्ययनको लागि स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ६१ को उपदफा (१) बमोजिम अध्ययन असाधारण विदाको लागि पूर्व स्वीकृती प्रदान गरी सोही ऐनको दफा ६४ को खण्ड (क) बमोजिम स्वीकृतीको लागि स्वीकृत गर्ने अधिकारी समक्ष पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४**

नगरपालिका महासंघको सदस्यता शुल्क रु ५००००। सामाजिक सहायता शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो साथै क्यान्सर पिडित भइ उपचाररत रुपन्देहीका पत्रकार मनोरञ्जन शर्मालाई उपचार सहयोग वापत रु २५०००। सोही शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

सैनामैना नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/१०/२० को निर्णयबाट भाटा चौर रिङ्गरोड देखि माथि लौदापानी जाने सडक स्तर न्नतीको लागि ५०/५० लागतमा रु ६०००००। को योजना छनौट भएकोमा उक्त समितिबाट लागत सहभागिता जुटाइ सम्झौता गर्न नआएकोले तत्कालिन अवस्थामा माग गरिएको शहीद नारायण पोखेल रामापुर क्याम्पसमा पूर्वाधार निर्माण योजनाको लागि क्याम्पसबाट रु ३०००००। र नगरपालिकाबाट रु ३०००००। गरी जम्मा रु ६०००००। को योजना सञ्चालन गर्ने गरी ५०/५० मागमा आधारित पूर्वाधार निर्माण शिर्षकबाट योजना संशोधन गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख